जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १७ २०७९ साल मंसिर १८ गते आइतवार (4 Dec 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** समानुपातिकतर्फ एक करोड ... **पृष्ठ ३ मा :** डेंगु रोज्ने कि ... **पृष्ठ ४ मा :** मानिसहरूबीच सम्बन्ध बिग्रँदै ... **पृष्ठ ५ मा :** सोमाली सेनाद्वारा १५ अल-शबाब ...


# रहेनन् सप्तरीका वरिष्ठ पत्रकार भट्टराई

**राजविराज**/राजविराज ७ निवासी वरिष्ठ पत्रकार एवम् मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरी प्रसाद भट्टराईको निधन भएको छ । नेपाल पत्रकार महासंघ सर्लाही शाखाको आयोजनामा शनिवार हुन लागेको ११औं साधारण सभामा सहभागि हुन त्यस तर्फ गएका ७० वर्षिय भट्टराईको बास बसेको होटेलमै निधन भएको हो ।

शुक्रवार बेलुकाको खाना खाएर सुतेका उनी शनिवार बिहान ओछ्यानमै मृत अवस्थामा फेला परेको घटनास्थलमा रहेका मधेश प्रदेश आम सञ्चार प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादवले जानकारी दिए । अध्यक्ष यादव पनि सोही कार्यक्रममा सहभागि हुन भट्टराईसँगै त्यहाँ पुगेका थिए । साधारण सभाका लागि तय गरिएको कार्यक्रमस्थल लालबन्दी १३ पत्थरकोट स्थित होलीडे रिर्सोटमा बास बसेका भट्टराई बिहान अबेरसम्म नउठेपछि मनमा चिसो पसेको सोही रिर्सोटको अर्को कोठामा बास बसेका अध्यक्ष यादवले सुनाए ।

‘बिहान सबेरै नै उठने भट्टराई ८:३० सम्म नउठेपछि शंका लागेर झ्यालबाट चियाएर हेर्दा ओछ्यानमै बान्ता गरेको अबस्थामा देखियो, अध्यक्ष यादवले भने -‘भित्रबाट चुकुल लागेकाले प्रहरीको सहयोगमा ढोका फोरेर भित्र जाँदासँगै रहेका चिकित्सक टोलीले परिक्षणका क्रममा उनलाई मृत घोषित गरे ।’

उच्च रक्तचाप र मधुमेहका बिरामी समेत रहेका भट्टराईले खाने औषधी ओछ्यान वरपर




छरपस्ट अवस्थामा भेटिएको अध्यक्ष यादवले बताए । शव पोष्टमार्टमका लागि मलंगवा अस्पतालमा राखिएको छ । पोष्टमार्टम सकिएपछि पार्थिव शरिर अबेर रातिसम्म घर ल्याई आइतवार बिहान अन्तिम श्रद्धाञ्जलिका लागि २ घण्टा निवासस्थलमा राखिने र त्यसपश्चात वैदिक परम्परा अनुसार अन्त्येष्टि गरिने परिवारिक श्रोतले जनाएको छ । उनको दुई छोरा, एक छोरी र श्रीमती रहेको छ ।

भट्टराईको निधनका कारण शनिवार हुने भनिएको सर्लाही पत्रकार महासंघको साधारण सभा स्थगित गरिएको छ । यस्तै उनको गृह जिल्ला सप्तरी पत्रकार महासंघको पुष २ गतेका लागि तय गरिएको साधारण सभा पनि स्थगित गरिएको छ । पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण देवको अध्यक्षतामा शनिवार नै बसेको आकस्मिक बैठकले शोक प्रस्ताव पारित गर्दै हालका लागि साधारण सभा स्थगन गर्ने निर्णय गरेको छ । यस्तै शोक मनाउन १३ दिनसम्म महासंघको औपचारिक कार्यक्रम रोक्ने निर्णय भएको अध्यक्ष देवले जानकारी दिए ।

यसैबीच पत्रकार महासंघ सप्तरी शाखाका सभापति देव र फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझीले छुट्टाछुट्टै शोक वक्तव्य मार्फत वरिष्ट पत्रकार भट्टराईको निधनले सप्तरीको पत्रकारितामा एउटा इतिहास गुमेको र अपुरणिय क्षति भएको उल्लेख गरेका छन् ।

भट्टराई पत्रकार महासंघ सप्तरीका संस्थापक अध्यक्ष, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष तथा स्थानीय महेन्द्र बिन्देश्वरी बहुमुखि क्याम्पस राजविराजका पूर्व स्ववियू सचिव समेत हुन् ।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. शिवहरि प्रसाद भट्टराई**

सप्तरीका वरिष्ठ पत्रकार एवं मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष **शिवहरि प्रसाद भट्टराई**को २०७९ मंसिर १७ गते शनिबारका दिन असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**

**सम्पादक**

नवीन साप्ताहिक

## सम्पादकीय

### ध्वनी प्रदुषण कायमै

प्रदुषण भनेको वातावरणलाई वेफाइदा पुऱ्याउनुदेखी मानविय जिवनलाई कुनै प्रकारबाट पुऱ्याइरहेको हानीलाई बुझ्नुपर्छ । जस अन्तरगत ध्वनी पनि एक हो । सप्तरी जिल्लामा ध्वनी प्रदुषण अहिले व्यापक भइरहेको छ । विभिन्न धार्मिक कार्यक्रम, राजनीतिक भाषण, विवाह लगायतका नाममा चर्को आवाजमा डिजे, साउण्ड बक्समार्फत ध्वनी प्रभावित भइरहेको छ । एक दशकअघि मात्र अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न आदेश जारि गरेको थियो । तर, त्यो कागजमै सीमित रहेको छ । अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् ।

यसरी कुनै पनि निर्णय गर्नु अगावै त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यान पर्ने हो । तर, यस जिल्लामा गरिने निर्णयहरु जहिले पनि हचुवाको तालमै हुने गरेको छ । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषण हुने गरेको छ ।

तसर्थ ध्वनी प्रदुषण रोक्नका लागि सम्बन्धीत निकायले कार्यान्वयन पक्षलाई बलियो बनाउनु आवश्यक छ । कुनै पनि निर्णय वा आदेशको पालना गराउनेतर्फ सम्बन्धीत निकाय उत्तिकै जिम्मेवार बन्न सक्नुपर्दछ ।

# समानुपातिकतर्फ एक करोड चार लाख मत गनियो

**काठमाडौँ**/प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार हालसम्म कूल एक करोड चार लाख १८ हजार आठ सय ३४ मत गणना भएको छ ।

हालसम्मको विवरणअनुसार नेकपा (एमाले)ले २७ लाख ८७ हजार सात सय ५९, नेपाली कांग्रेसले २६ लाख ५९ लाख आठ सय ७८, नेकपा(माओवादी केन्द्र)ले ११ लाख ६२ हजार ५१ मत प्राप्त गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २४ हजार तीन सय ९०, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८६ हजार पाँच सय ९७, जनता समाजवादी पार्टीले चार लाख २० हजार नौ सय ४६, जनमत पार्टीले तीन लाख ९४ हजार पाँच सय १३ मत प्राप्त गरेको छ । कूल खसेको सदर मतको तीन प्रतिशतभन्दा बढी मत पाउने राजनीतिक दलले राष्ट्रिय दलको मान्यता पाउने कानूनी प्रबन्ध छ ।

नेकपा(एकीकृत समाजवादी)ले दुई लाख ९४ हजार तीन सय ५७, नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार छ सय ६१, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ६७ हजार दुई सय ८१, नेपाल मजदुर किसान पार्टीले ७५ हजार ५६, हाम्रो नेपाली पार्टीद्ले ५५ हजार छ सय १४, मङ्गोल नेशनल अर्गनाइजेशनले ४८ हजार सात सय ८५ र राष्ट्रिय जनमोर्चाले ४६ हजार तीन सय ८१ मत प्राप्त गरेको छ ।

आयोगका अनुसार प्रदेश नं १ मा १८ लाख ९९ हजार एक सय ४४ मतगणना भएको छ । एमालेले छ लाख ६५ हजार चार सय ६० मत प्राप्त गरेको छ । कांग्रेसले पाँच लाख ६२ हजार नौ सय ५६, राप्रपाले एक लाख ९८ हजार पाँच सय ११, माओवादीले एक लाख ८१ हजार दुई सय ४५, जनता समाजवादी पार्टीले ६१ हजार सात सय २३ मत प्राप्त गर्दा नकपा(एकीकृत समाजवादी)ले ५५ हजार नौ सय ५७ मत प्राप्त गरेको छ ।

मधेस प्रदेशमा २० लाख ८६ हजार दुई सय ९८ मत गणना भएको छ । कांग्रेसले चार लाख एक सय ४४, एमालेले तीन लाख ५१ हजार सात सय ६८, जनमत पार्टीले तीन लाख २९ हजार एक सय ७७, जनता समाजवादी पार्टीले दुई लाख ९८ हजार सात सय ७४, माओवादीले एक लाख ८० हजार आठ सय ६० र नेकपा(एकीकृत समाजवादी)ले एक लाख १३ हजार नौ सय १५ मत प्राप्त गरेको छ ।

बागमती प्रदेशमा १८ लाख ५७ हजार नौ सय ६६ मत गणना भएको छ । सो प्रदेशमा एमालेले पाँच लाख ६२ हजार छ सय ७५, कांग्रेसले चार लाख ७१ हजार नौ सय ६१, राप्रपाले दुई लाख ७२ हजार ८९, माओवादीले दुई लाख ७० हजार तीन सय ७२, नपाल मजदुर किसान पार्टीले ६८ हजार छ सय ५४ र नेकपा(एकीकृत समाजवादी)ले ६४ हजार एक सय आठ मत प्राप्त गरेको छ ।

गण्डकी प्रदेशमा नौ लाख ८४ हजार पाँच सय ३९ मत गणना भएको छ । त्यसमा एमालेले तीन लाख ६७ हजार तीन सय ६१, कांग्रेसले तीन लाख ४९ हजार दुई सय १५, माओवादीले एक लाख १६ हजार आठ सय ५१, राप्रपाले ५९ हजार चार सय ४३, हाम्रो नेपाली पार्टीले १८ हजार सात सय ३२ मत प्राप्त गरेको छ ।

लुम्बिनी प्रदेशमा १८ लाख ८७ हजार ७८ मत गणना भएको छ । त्यसमा एमालेले पाँच लाख ७० हजार नौ सय २१, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादीले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२, नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१, जनमत पार्टीले ८१ हजार छ सय पाँच, जनता समाजवादी पार्टीले ६० हजार आठ सय ८६ मत प्राप्त गरेको छ ।

कर्णाली प्रदेशमा पाँच लाख ७७ हजार आठ सय २९ मत गणना भएको छ । त्यसमा एमालेले एक लाख ८३ हजार नौ सय ५०, काँग्रेसले एक लाख ७० हजार सात सय ५६, माओवादीले एक लाख ३७ हजार छ सय २९, नेकपा(एकीकृत समाजवादी)ले ३५ हजार आठ सय २६, राप्रपाले २५ हजार एक सय ८६, नेपाल मजदुर किसान पार्टीले आठ हजार नौ सय ९३ मत प्राप्त गरेको छ ।

सुदुरपीश्चम प्रदेशमा आठ लाख ३५ हजार आठ सय ९४ मत गणना भएको छ । त्यसमा एमालेले दुई लाख ४८ हजार आठ सय ४०, काँग्रेसले दुई लाख ४३ हजार ३९, माओवादीले एक लाख १८ हजार नौ सय तीन, नागरिक उन्मुक्ति पार्टीले ९८ हजार पाँच सय ५४, राप्रपाले ४३ हजार आठ सय आठ र नेकपा(एकीकृत समाजवादी)ले ४१ हजार आठ सय ३९ मत प्राप्त गरेको छ ।

देशभरका अन्य स्थानको मतगणना अन्तिम चरणमा पुगेको छ । दोलखा, बाजुरा र स्याङजाको मतगणना भने जारी रहेको आयोगले जनाएको छ ।

# सुरुङ्गा नगरपालिका बालविवाह मुक्त नगर घोषणा

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका बालविवाह मुक्त नगर घोषणा भएको छ । बुधबार एक समारोहबीच उक्त नगरपालिकालाई मधेश प्रदेशकै पहिलो बालविवाह मुक्त नगरघोषणा गरिएको हो ।

सप्तरी क्षेत्र नं. ४ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरीले घोषणापत्र प्रस्तुत गर्दै नगरपालिकालाई बालबिवाह मुक्त नगर घोषणा गरे ।

सुरूङ्गा नगरपालिकाको आयोजना तथा सेभ द चिल्ड्रेन र सबल नेपाल सहयोगको आयोजित घोषणा कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत गजेन्द्रनाथ शर्माले बालविवाह मुक्त नगरपालिका घोषणा प्रतिवेदन प्रस्तुत गर्दै १४ वटा सबै सुचक पुरा गरेपछि नगरपालिका बालविवाह मुक्त नगर घोषणा गरिएको जानकारी दिए ।

बालविवाह मुक्त अभियान संचालन निर्देशिका २०७९ अनुसार घरदैलो अभियानमार्फत बस्ती तथा वडाका सबै बालवालिका, किशोरकिशोरी र अभिभावकहरूलाई बालविवाहका बिषयमा जनचेतना कार्यक्रम गर्दै सचेत गराई बालविवाह हुन नदिन र कदाचित भएमा कानुनी प्रक्रिया अबलम्बन गर्ने सहितका सुचक पूरा गरेपछि घोषणा गरिएको नगर प्रमुख गिता चौधरीले बताईन ।

प्रतिवेदनमा बि.स ०७८ मंसिर देखी ०७९ कार्तिक सम्म वडा १ देखि ११ सम्ममा जम्मा बिवाह ३ सय ३५ भएको र त्यस मध्ये १८ बर्ष मुनीको १ वटा विवाह तथा २० बर्ष मुनीका १८ वटा विवाह मात्र भएको सुचक अनुसार ५ प्रतिशत वालबिवाह मात्र देखिएकोले ९० प्रतिशत सुचक पूरा गरेपछि घोषणा गरिएको प्रशासकिय अधिकृत सिंहले जानकारी दिए ।

कार्यक्रममा नवनिर्वाचित प्रदेश सभा सदस्य अनिरूद्ध प्रसाद सिंह, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, जिल्ला वन कार्यालय प्रमुख हेमन्त साह, पुर्व नगरप्रमुख मुक्तीनाथ चौधरी, सेभ द चिल्ड्रेन क्षेत्रिय प्रबन्धक प्रकाश आचार्य, नेपाल पत्रकार महासंघ पुर्व केन्द्रीय सदस्य अबधेश झा, सबल नेपालका अध्यक्ष जुना गिरी, निर्देशक दिपक झा लगायतले शुभकामना मन्तब्य व्यक्त गरेका थिए ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डेँगुबाट बचौँ**
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेँगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔँ ।

रुपनी गाउँपालिका
रुपनी, सप्तरी

# डेंगु रोज्ने कि माकुरा ?

संस्कार सुवेदी



तपाईंलाई माकुरा कस्ता लाग्छन् ? पक्कै पनि मन पर्दैन होला । आफूले बढार कुडार गरेर चिटिक्क पारेको घरभरि जालो बनाएर हैरान बनाउने माकुरा मन परोस् पनि कसरी ? हामीमध्ये कसै कसैको त माकुरा देख्ने बितिक्कै होसहवास उड्छ । कतिलाई त माकुरा वा त्यसको जालो देखेरै घिन लाग्छ होला । त्यसैले, घर सजाउने क्रममा कोठाका भित्तामा, सिलिङ्गमा हुने माकुराका जालो पनि हामीले पक्कै हटाएका छौं ।

हामीमध्ये कतिले त माकुरालाई देख्नेबितिक्कै मार्ने वा घरबाट धपाउने काम नि गरेका छौँ । तर के तपाईंलाई हेक्का छ, माकुरालाई कोठाबाट धपाएर तपाईंले कतै आफैंलाई डेंगुको सिकार त बनाउँदै हुनुहुन्न ?

प्रसंग हो, वैज्ञानिक ड्यानियल इस्त्रिक्म्यान सहितको टोलीले थाइल्याण्डमा गरेको एक अनुसन्धानको । उक्त खोजबारे 'द जर्नल अफ अर्याकनोलोजी' मा सन् १९९७ मा प्रकाशित भएको थियो । हाम्रो घरको कुना काप्चा, सिलिङ्ग वा भित्ता भित्तामा जालो बनाएर बस्ने माकुरा प्रायः फोलिसिड प्रजातिका हुन् । यिनलाई सेलार इस्पाईडर पनि भनिन्छ ।

हाम्रा घरमा सेलार इस्पाईडरबाहेक जम्पिङ इस्पाईडर, हन्ट्सम्यान इस्पाईडर जस्ता अन्य विभिन्न प्रकारका माकुरा देखिन्छन् । माकुराहरुले विभिन्न किरा फट्यांग्राहरु खाएर पारिस्थितिकीय प्रणालीमा सन्तुलन राख्छन् ।

नेपालमा हरेक वर्ष डेंगुको प्रभाव बढ्दै गएको छ । खास गरी वर्षाको प्रभावले डेंगु महामारीको रुप लिन अग्रसर देखिन्छ । वर्षाले खाल्डा खुल्टी बनाएर ठाउँ ठाउँमा पानी भरिने र त्यस्तै पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने गर्दछ ।

यसै वर्ष नेपालमा ४० हजार भन्दा बढी मानिस डेंगुको संक्रमणमा परिसकेका छन् भने करिब ५० जनाको मृत्यु भैसकेको छ । ड्यानियल इस्त्रिक्म्यानको टोलीले गरेको उक्त अनुसन्धानमा भुरा तथा वयस्क माकुराले डेंगुले संक्रमित एडीस येजेप्टी लामखुट्टे खाएको पाइएको थियो ।

सन् १९८५ मा भएको अर्को अनुसन्धानमा एउटा वयस्क लामखुट्टेले एक दिनमा १२ देखि २० वटासम्म लामखुट्टे खाने गरेको पाइएको थियो । डेंगुले संक्रमित लामखुट्टे खाएको माकुरामा डेंगु संक्रमणको कुनै लक्षण भने पाइएन ।

जापान, केन्या, मलेशिया आदि देशहरुमा भएका विभिन्न अनुसन्धानले समेत माकुराले लामखुट्टे खाने तथ्य उजागर गरेका छन् । माकुरा र लामखुट्टे दुबैले घर भित्रका अँध्यारा कुना काप्चामा रहन रुचाउने तथ्यले यस कुराको थप पुष्टि गर्छ ।

घर बाहिरसमेत माकुरा प्रशस्त हुने ठाउँमा अरु ठाउँको तुलनामा लामखुट्टे कम रहेको पाइएको छ । जंगली माकुरालाई समेत चिरफार गरेर हेर्दा लामखुट्टे खाएको पाइएको छ ।

संसारभर ५० हजार भन्दा बढी प्रजाति रहेको माकुरा किटहरुको संसारमा एक प्रमुख सिकारी हो । जालो बनाउने माकुराले आफ्नो जालोमा पारेर वा जालो फालेर कीरा अल्झाउँछ भने जालो नबनाउने माकुराले सक्रिय सिकार गर्छ ।

सन् २००५ र २०१४ सालमा भएका विभिन्न ३ अनुसन्धानमा माकुराले आफ्ना स्नायुले सुँघेर छानी छानी भर्खर रगत खाएका लामखुट्टे खाएको पाईएको छ । त्यस्ता लामखुट्टे खाएपछि माकुराको शरीरमा पैदा हुने गन्धले उसलाई पोथी माकुरालाई थप आकर्षण गर्न सहयोग पुर्याउँछ । कुनै कुनै माकुराको विषमा समेत मलेरियाका जीवाणु विरुद्धका तत्वहरु पाइएका छन् ।

सन् २०१० मा पाकिस्तानको सिन्ध गाउँको एक घटना हेर्दा माकुराको महत्व थप झल्किन्छ । त्यस वर्ष बाढीको प्रभावले अझ बढ्नु पर्नेमा मलेरियाको संक्रमण उल्टै घटेको देखियो । यस्तो किन भयो भनेर कारण खोज्दा सो वर्ष ठुलो बाढी पस्दा माकुराहरु सबै रुखमा चढेर धेरै र ठूला ठूला आकारका जालो बनाए । त्यही जालोमा फँसेका लामखुट्टे माकुराले खाएको कारण मलेरियाको संक्रमण घटेको तथ्य पत्ता लाग्यो ।

यस्ता विभिन्न अनुसन्धानद्वारा माकुरालाई लामखुट्टेको जैविक नियन्त्रण गर्न प्रभावशाली अस्त्रको रुपमा प्रयोग गर्न सकिने वैज्ञानिक सुझाउँछन् ।

हाल नेपालमा ३८६ प्रजातिका माकुरा पाइन्छन् । घरभित्र हुने अधिकांश माकुराले मानिसलाई नटोक्ने र टोकिहाले पनि मानिसलाई खासै असर नगर्ने भएकाले डेंगुको संक्रमण बढिरहेको यस्तो अवस्थामा घरभित्रका माकुराका जालो नहटाउनु नै बुद्धिमानी देखिन्छ । हालः वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस । रातोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५




डा. कालीप्रसाद यादव

M.B.B.S.,MD Internal Medicine

(NAMS Bir Hospital, Kathmandu)

Consultant Physician



कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734

# मानिसहरूबीच सम्बन्ध बिग्रँदै छ कि मानसिक स्वास्थ्य ?

**डा. करुणा कुँवर**




मकहाँ परामर्शका लागि आउने कतिपयले भन्ने गर्छन्- ममा त कुनै समस्या छैन, मेरो श्रीमान् वा श्रीमतीमा समस्या छ । हामी दुवैमा समस्या हुन सक्छ भनेर नबुभ्दासम्म सम्बन्धलाई सुधार्ने वा सुदृढ बनाउने आधार मिल्दैन । कतिपय घर वा सम्बन्ध पूरै टुट्नुअघि विशेषज्ञबाट परामर्श मिल्यो भने त्यो घर वा सम्बन्ध जोगिन सक्छ ।

मानसिक समस्या भएको व्यक्तिले कुनै पनि सम्बन्धमा खटपट आउँदा त्यसमा आफ्नो गल्ती देख्दैन । आफूलाई ठीक ठान्ने, अरु व्यक्ति वा अन्य कारण समस्या आएको भन्ठान्ने प्रवृत्ति उसमा देखिन सक्छ । यस्तो समस्यालाई 'नार्सिसिस्ट पर्सोनालिटी डिसअर्डर' भनिन्छ । यस्तो समस्या भएको व्यक्तिले आफूलाई बढी महत्त्व दिन्छ । यस्ता व्यक्तिको सम्बन्ध प्रायः बिग्रिएको नै पाइन्छ । यस्तो व्यक्तिले हरेक कुरामा गुनासो गर्ने गर्छ । उसले सबै कुरा 'पर्फेक्ट' ( पूर्ण) बनाउन कोसिस गर्छ । उसले ठानिरहेको हुन्छ, म असाध्यै पर्फेक्ट छु, तर अरुले मलाई कोअपरेट ( सहयोग) गरिरहेको छैन । यस कारण अन्य व्यक्तिसँग उसको सम्बन्ध बिग्रिरहेको हुन्छ । आफूमा मानसिक समस्या भएकै कारण पनि कतिले अर्कोबाट राम्रो व्यवहारको अपेक्षा गरिरहेका हुन्छन् ।

आपसका स-साना कुरामा राम्रोसँग छलफल भएन भने त्यसले मनमुटावको रुप लिने हो । सानो घटनाले ठूलो दुर्घटना निम्त्याउन सक्छ ।

**सम्बन्ध र मानसिक समस्या**

एकातिर मानसिक स्वास्थ्यकै कारण सम्बन्धमा समस्या आउँछ भने अर्कोतिर सम्बन्ध बिग्रेकै कारण मानसिक स्वास्थ्यलाई असर गरिरहेको छ । सम्बन्ध बिग्रनुको मूल कारण हो- आपसमा छलफल वा कुराकानी नहुनु । आपसमा राम्रोसँग कुराकानी नहुनुको पछाडि मानसिक समस्या कारक हुन सक्छ ।

सम्बन्धका कारण कतिपयमा मानसिक समस्या आएको पनि पाइन्छ । बाल्यावस्थादेखि व्यक्तिले घर-परिवारमा बाबुआमाको सम्बन्ध राम्रो देखेन, घरेलु हिंसा देखिरह्यो, परिवारका सदस्यहरूबीच भैभगडा र कलह मात्रै देखिरह्यो भने उसले भविष्यमा निभाउने सम्बन्धहरू प्रभावित हुन सक्छन् ।

हामीकहाँ मानसिक समस्या भन्नेबित्तिकै पागलपनलाई सम्भने गर्छौं । सामान्य देखिने मानिस पनि मानसिक रोगी हुन सक्छ । व्यवहारमा आउने स-साना परिवर्तन पछाडिको कारणमा पनि मानसिक समस्या जिम्मेवार हुन सक्छ । तनाव, डिप्रेसन आदि मानसिक समस्याका कारण मानिसको व्यवहारमा परिवर्तन देखिने हो ।

दुईमध्ये एक व्यक्तिमा मानसिक समस्या हुँदा पनि उनीहरूबीचको सम्बन्ध बिग्रँदै जान सक्छ । नैराश्यता, दुःखीपन, इरिटेसन (चिडचिडाहट) आदिका कारण कुनै व्यक्तिलाई अर्को व्यक्तिसँग सम्बन्ध निभाउन समस्या परिरहेको पनि देखिन्छ ।

हामीकहाँ मात्रै होइन, विश्वव्यापी रुपमै मानसिक स्वास्थ्यलाई सामान्य रुपमा लिइन्छ । मानिसको कतिपय शारीरिक रोगमा मानसिक समस्या कारण हुन सक्छ । तर, त्यसमा ध्यान दिइँदैन । मानसिक समस्याका कारण मानिसलाई टाउको दुख्ने, छाती दुख्ने हुन सक्छ ।

सानोतिनो मानसिक समस्या बाहिरबाट देखिँदैन र यो भट्ट व्यक्तिको व्यवहारमा पनि देखिँदैन । हामीले पागलपनलाई मात्रै मानसिक समस्या भनिरहेका हुन्छौं । दैनिक जीवन गरिने साधारण व्यवहार र शारीरिक रोगमा समेत मानसिक स्वास्थ्यले प्रभाव पारिरहेको हुन्छ ।

टाउको दुख्दा हामी 'फिजिसियन'कहाँ जान्छौं । मुटुसम्बन्धी समस्या आउँदा हामी सिधै मुटुरोग विशेषज्ञकहाँ जान्छौं । चेकजाँचपछि केही देखिएन भने भनिन्छ, तिम्रो मुटुमा कुनै समस्या छैन । त्यसपछि बिरामी घरमै बस्छ । एन्जाइटीका कारण कतिपयलाई मुटु हल्लिने समस्या आउन सक्छ । टाउको दुख्ने समस्या पनि मानसिक स्वास्थ्यसँग जोडिएको हुन सक्छ । त्यसैले सही उपचारका लागि मनोचिकित्सककहाँ जानुपर्ने हुन सक्छ । र, यस्ता बिरामीलाई घर-परिवारबाट विशेष सहयोग आवश्यक पर्न सक्छ ।

**सानो उमेरमा विवाह वा प्रेम सम्बन्ध**

बालविवाह गर्ने वा परिपक्व नभई विवाह गर्ने र सानो उमेरमा प्रेम गर्ने कतिपयले मानसिक समस्या भोलिरहेको पाइन्छ । विवाहपछि स्त्री र पुरुष दुवैले विभिन्न जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । स्त्रीको हकमा अभ जिम्मेवारी आउँछन् । तर व्यावहारिक रुपमा ती जिम्मेवारी पूरा गर्न सहज हुँदैन । त्यसैले कतिपय व्यक्ति मानसिक उल्भनमा फस्न सक्छन् ।

अर्कोतिर, सानै उमेरमा मानिस प्रेममा पर्न सक्छ । सानो उमेरमा एक खालको आकर्षणले सम्बन्ध बनाउन पुगेका हुन्छन् । त्यो आकर्षण केही समयपछि हराउन सक्छ तर आफू कोहीप्रति आकर्षित हुनुलाई किशोरकिशोरीले अन्तिम सत्य ठान्न सक्छन् । पहिलोपटक कोहीप्रति आकर्षित हुनुलाई मानिसले महत्वपूर्ण ठानेको हुन्छ, यो पहिलो घटना भएकाले उसको मन-मस्तिष्कमा यसले छाप छाडेको हुन्छ । कुनै कारणले त्यो सम्बन्ध विफल भयो भने उसले त्यसलाई ठूलो रुपमा लिन्छ र उसले मानसिक रुपमा क्षति बेहोर्न सक्छ ।

त्यसैले किशोरावस्थाका विद्यार्थीलाई विद्यालयबाटै यौन र आकर्षणका बारेमा राम्रोसँग बुभ्ने शिक्षा दिइन आवश्यक छ । विद्यालय मात्रै होइन, अभिभावकले पनि किशोरकिशोरीलाई यस सम्बन्धमा शिक्षा दिन भूमिका खेल्नुपर्छ । कसैको आकर्षणमा परेको आफ्नो किशोरावस्थाको सन्तान कुनै मानसिक उल्भनमा छ भने त्यस्तो बेला अभिभावकले उसलाई साथ दिनुपर्छ । यस्तो अवस्थामा सन्तानलाई 'तैंले यस्तो गरिनस्, यस्तो गर्नुपर्थ्यो' भनेर गाली गर्नुहुँदैन । यसले थप दुर्घटना निम्त्याउन सक्छ । गएको भदौमा काठमाडौं बुद्धनगरस्थित निर्माणाधीन भवनको पाँचतलाबाट हाम फालेर किशोरावस्थाका एक जोडीले आत्महत्या गरे । अभिभावकले साथ नदिँदा, बालबालिकाको भावना र समस्यालाई बेवास्ता गर्दा यस्ता घटना निम्तिन पनि सक्छन् । उनीहरूको समस्यामा परामर्शका लागि विशेषज्ञकहाँ लैजानुपर्ने हुन्छ ।

**दम्पतीबीचको सम्बन्ध र हिंसा**

अहिले मैले लैंगिकतामा आधारित हिंसासम्बन्धी एउटा परियोजनामा काम गरिरहेकी छु । यसमा काम गर्दा मैले के पाएँ भने, दम्पतीबीच सम्बन्ध बिग्रँदा ठुल्ठूला हिंसा निम्तिएका छन् । हिंसाका कतिपय पाटा हाम्रा संस्कार, संस्कृति र पितृसत्तात्मक सोचसँग जोडिएका पनि छन् । संस्कार-संस्कृतिका आधारमा पुरुषले महिलालाई हेर्ने एउटा दृष्टिकोण निर्माण भएको हुन्छ ।

'श्रीमान्ले कमाउने हो, श्रीमतीले घर हेर्नुपर्छ, महिला कमजोर हुन्छन्, उसलाई सम्पूर्ण अधिकार दिनुपर्दैन' भन्नेजस्ता सोच पुरुषको विश्वास बनेको हुन्छ । यस्तो विश्वासका कारण कतिपय पुरुषले आफ्नी श्रीमतीलाई काम वा पेसा गर्न घरबाहिर जान नदिन सक्छन् । कतिपयले श्रीमतीलाई पोसाकमा पनि बन्देज लगाउन सक्छन् । दम्पतीबीच भैभगडा हुँदा श्रीमान्ले 'यस्तो हुनैपर्छ' भनी अडान लिएको पनि पाइन्छ । सानैदेखिको विश्वासमा टेकेर उसले व्यवहार गरिरहेको हुन्छ ।

यो गरे पुण्य हुन्छ, त्यो गरे पाप हुन्छ भन्ने धार्मिक विश्वास पनि भैभगडा हुँदा व्यक्त भइरहेका हुन्छन् । यसरी दम्पतीबीच कलह वा हिंसाको परिस्थिति निम्तिन सक्छ, जसले उनीहरूको मात्रै सम्बन्ध बिगार्दैन, छोराछोराको मानसिकतामा पनि असर गरिरहेको हुन्छ ।

**छलफल नै सम्बन्धको बलियो आधार**

सम्बन्ध बिग्रनुमा विभिन्न कारण होलान्, तर छलफलबाट समभदारीमा पुग्न सकिन्छ । सम्बन्ध बिग्रन पुगेका सम्बन्धित व्यक्तिहरूले आपसमा कुराकानी वा छलफल गरिरहनुपर्छ । यसो गर्दा समस्याको गाँठो फुकाउन सहजता मिल्छ । सम्बन्ध सुमधुर सुदृढ बनाउन एकअर्काबीच सम्बन्ध पारदर्शी हुन आवश्यक छ । पारदर्शी सम्बन्धले समस्या आउन दिँदैन ।

मानसिक स्वास्थ्यका कारण दम्पतीबीच सम्बन्ध बिग्रिएको छ भने उनीहरूले छिटो विशेषज्ञको सल्लाह लिनुपर्छ । आफूले सानो उमेरमा भोगेका घटनाबाट प्रभावित हुनु हुँदैन । पुराना भोगाइ नितान्त अर्को कथा हो, अर्को पाटो हो र पछि जोडिएका सम्बन्ध फरक हो भन्ने बुभाइ हुन जरुरी छ ।

दुई व्यक्तिको सम्बन्ध टुट्नु वा बिग्रनु उनीहरू बीचको मात्रै कुरा होइन, त्यसले अरु सदस्यलाई पनि प्रभावित पारिरहेको हुन्छ । सम्बन्ध सुधार्न अर्कोबाट अपेक्षा गर्नुको सट्टा आफ्ना कमजोरी नियालेर आफैँले पहल गर्नु बुद्धिमानी ठहर्छ । (मनोविद् कुँवरसँगको कुराकानीमा आधारित ।) रातोपाटीबाट

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं भिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने व्यक्तिको आफ्नो व्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# भट्टराईको निधनले क्षति : मुख्यमन्त्री राउत

**जनकपुरधाम**/मधेस प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतले मिडिया काउन्सिल मधेस प्रदेशका अध्यक्ष शिवहरि भट्टराईको निधनले स्तब्ध बनाएको बताउनुभएको छ।

मुख्यमन्त्री राउतले शनिबार शोक वक्तव्य जारी गर्नुहुँदै अध्यक्ष भट्टराईको निधनले मधेस प्रदेशको पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति पुगेको उल्लेख गर्नुभएको छ। दिवङ्गत अध्यक्ष भट्टराईप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्नुहुँदै मुख्यमन्त्री राउतले शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।

यसैगरी मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले पनि शनिबार शोक वक्तव्य जारी गर्नुहुँदै अध्यक्ष भट्टराईको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाको ११औं वार्षिक साधारणसभामा सहभागी हुन सर्लाहीको लालबन्दी नगरपालिका-१३ पत्थरकोटस्थित होलिडे रिसोर्ट पुग्नुभएका अध्यक्ष भट्टराई शनिबार बिहान मृत फेला पर्नुभएको थियो। ६७ वर्षीय भट्टराई शुक्रबार बेलुका उक्त रिसोर्टमा बस्नुभएको थियो।

सप्तरी सदरमुकाम राजविराज निवासी भट्टराई मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्ष भएपछि जनकपुरधाममा बस्दै आउनुभएको थियो। शुक्रबार राति खाना खाएर सुत्नुभएका भट्टराई बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा ढोका नखुलेको र झ्यालबाट हेर्दा मृतावस्थामा देखेपछि प्रहरीलाई खबर गरेको नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष टङ्कबहादुर क्षेत्रीले बताउनुभयो। भट्टराईको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ।

# सरकार गठनमा सबै विकल्प खुला छ : माओवादी

**काठमाडौं**/नेकपा (माओवादी केन्द्र)ले नयाँ सरकार गठनका सम्बन्धमा सबै विकल्प खुला राख्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार बसेको सो पार्टीको पदाधिकारीको बैठकले सरकार गठनका सम्बन्धमा गठबन्धन र अन्य सबै विकल्प खुला राख्ने निर्णय गरेको छ।

बैठकपछि माओवादीका उपाध्यक्ष कृष्णबहादुर महराले दिनुभएको जानकारीअनुसार यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको प्रारम्भिक समीक्षा गरिएको छ। समीक्षामा अपेक्षा गरेअनुसारको नतिजा हासिल हुन नसकेका भन्ने सन्दर्भमा गम्भीर ढङ्गले विषयवस्तु उठेको छ।

तर समग्रमा भने सबै निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक भएपछि मिहिन तरिकाले समीक्षा गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो। उपाध्यक्ष महराका अनुसार हाल कायम रहेको गबठन्धनलाई पनि कायम राख्दै अन्य विकल्पमा पनि छलफल गर्न खुला रहेकामा जोड दिइएको छ। उहाँले भन्नुभयो, "नेपाली कांग्रेसको नेतृत्वमा रहेको गठबन्धन छाड्ने भन्ने होइन, तर सरकार गठनका सम्बन्धमा भने सबै पक्षसँग खुलारूपमा छलफल गर्छौं।" तर उहाँले गठबन्धन छाड्ने वा तोड्ने भन्ने विषयमा कुनै धारणा नआएको बताउनुभयो।

माओवादीका अर्का नेता मातृकाप्रसाद यादवले भने प्रारम्भिकरूपमा छलफल सुरु भएको र नेताहरूले आ-आफ्नो धारणा राख्ने काम भएको जानकारी दिनुभयो। उहाँले निर्वाचनमा पार्टीले अपेक्षा गरेअनुसारको परिणाम नआएको भन्नेमा भने सबैको एकमत रहेको बताउनुभयो।

समग्र निर्वाचनको अवस्थाका बारेमा छलफल भएको उल्लेख गर्दै उहाँले गठबन्धन कायमै रहेको र त्यसमा हाल कुनै थप निर्णय नभएको बताउनुभयो।

यही मङ्सिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादीले प्रतिनिधिसभातर्फ १७ स्थानमा जित हासिल गरेको छ भने प्रदेशसभामा ५३ स्थानमा विजयी भएको छ। दोलखामा भने मतगणना जारी छ। त्यहाँ सत्ता गठबन्धनका तर्फबाट माओवादीका उम्मेदवार गङ्गा कार्की अग्रस्थानमा हुनुहुन्छ। बैठक आइतबार पुनः २ बजे बस्नेछ।

# घाटा पूर्ति गर्न आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य

**काठमाडौं**/भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ। निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो।

निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ। इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ।

"मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर रु ४३.९३ ले बढेर आएको छ। एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर रु दुई सय ७७.०२ घाटा भइरहेको छ", विज्ञप्तिमा भनिएको छ, "निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब रु २७ अर्ब तिर्न बाँकी छ।"

ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ। यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ।

"हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनःघटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ", विज्ञप्तिमा भनिएको छ।

# वेपत्ता व्यक्ति मृत अवस्थामा फेला

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकामा वेपत्ता भएका एक व्यक्ति मंगलबार मृत अवस्थामा फेला परेका छन्।

सप्तरीको कञ्चनरूप नगरपालिका १ निवासी ४८ वर्षिय पप्पु भनिने सञ्जय राउत मृत अवस्थामा फेला परेका हुन्।

घाटी रेटिएको अवस्थामा उनको मृत शरीर घर नजिकै रहेको पोखरीमा फेला परेको हो। इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख एवं डीएसपी रामकुमार यादवका अनुसार उनी सोमबार राति ९ बजेदेखि हराइरहेका थिए।

शवको प्रकृति हेर्दा घाटी रेटेर हत्या गरिएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको उनको भनाई छ। अनुसन्धानका लागि तालिमप्राप्त कुकुरको समेत प्रयोग गरि अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## अन्तर्राष्ट्रिय समाचार

# सोमाली सेनाद्वारा १५ अल-शबाब लडाकु मारिए

**मोगादिसु**/अन्तरराष्ट्रिय साझेदारको समर्थनमा रहेको सोमाली सुरक्षा बलले शुक्रबार दक्षिणी सोमालियामा गरेको स्टिङ अपरेसनमा अल-शबाबका १५ लडाकू मारिएका छन्।

सूचना, संस्कृति तथा पर्यटन मन्त्रालयले सोमालियाको राजधानी मोगादिसुबाट जारी गरेको विज्ञप्तिअनुसार मध्यसोमालियाको गलगादुड क्षेत्रको कयिबमा गरिएको असफल आक्रमणमा अल-शबाब लडाकुको सङ्ख्यामा मृत्यु भएको हो।

"खावारीज (अल-शबाब)ले राष्ट्रिय सेना र स्थानीयलाई आक्रमण गर्ने प्रयास गरेपछि आज बिहान कयिब शहरमा भएको लडाईमा भारी पराजय भएको छ," मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै जनाएको छ।

त्यसैगरी सेनाले तीन कार बम पनि नष्ट गरेको च। असफल आक्रमणको क्रममा दर्जनौं लडाकुलाई मारिएका छन् भने यो क्षेत्र अब पूर्णरूपमा सरकार र स्थानीय सेनाको नियन्त्रणमा छ। एजेन्सी

# युपीको मथुरामा २९ गाई मृत फेला

**मथुरा**/उत्तर प्रदेशको मथुरा जिल्लामा राष्ट्रिय राजमार्ग नजिकै बन्द कन्टेनरमा २९ गाई मृत फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले अलपत्र परेको कन्टेनरमा २९ गाई मरेको र एउटा गाई भने जिउँदै फेला पारेको बताएको छ। उक्त कन्टेनरको चालक फरार रहेको मथुरा सर्कल अफिसर (सीओ) रिफाइनरी हर्षिता सिंहले बताए।

"हामीलाई मथुरा जिल्लाको राष्ट्रिय राजमार्ग नजिकै एउटा बन्द कन्टेनर रोकिएको जानकारी प्राप्त भयो र त्यहाँ पुगेर हेर्दा २९ गाई मृत फेला परेका थिए भने एउटा गाई जिउँदै फेला परेको थियो। चालक भने फरार छन्। मुद्दा दर्ता गरिएको छ," सिंहले भनेका छन्। एजेन्सी

# टेस्लाले चीनबाट करिब १३ हजार मोडल-३ गाडी फिर्ता

**बेइजिङ**/विद्युतीय कार निर्माता कम्पनी टेस्लाले सिट बेल्टको सम्भावित सुरक्षा जोखिमका कारण चीनबाट १२,८६३ मोडल-३ का गाडी फिर्ता गर्न थालेको छ।

फिर्ता गरिने सवारी साधनमा गत १२ जनवरी २०१९ र २२ नोभेम्बर २०१९ बीच उत्पादन भएका २,७३६ आयातित सवारी साधन र अक्टोबरको बीचमा चीनमा उत्पादन भएका १०,१२७ समावेश छन्।

फिर्ता लिइएका सवारी साधनमा बिक्रीपछि मर्मत वा मर्मतसम्भार गर्दा दोस्रो पङ्क्तिको सिटको बीचको सुरक्षा बेल्ट अनुपयुक्तरूपमा पुनःस्थापना गरिएको बताइएको छ।

सेवा केन्द्रले सेफ्टी बेल्ट पुनःस्थापना गर्दा, बेल्ट बकलका केही निश्चित भाग जडान बोल्टसँग फिक्स नगरिएको र सुरक्षा बेल्टले दुर्घटना नियन्त्रणमा निरोधक भूमिका खेल्न नसक्ने दाबी गरिएको छ। एजेन्सी

# अर्को वर्ष विद्युत कटौती अन्त्य गर्ने श्रीलंकाको योजना

**कोलम्बो**/श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिबार पत्रकारलाई आगामी जनवरीसम्ममा निर्बाध विद्युत आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपाय अपनाउने बताउनुभएको छ।

श्रीलङ्काले फेब्रअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ। कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो। जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ।

मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महिनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन्।

हरेक वर्ष माघ र असार महिनामा विद्युत महसुल परिमार्जन गर्नु उपयुक्त हुने भन्दै उहाँले विद्युत महसुल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताउनुभएको छ।

मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलङ्काका लागि ऊर्जाको उत्तम स्रोत पनि हो। एजेन्सी

# समानुपातिकतर्फ सप्तरीमा जनमत पहिलो, जसपा दोश्रो र काँग्रेस तेश्रो

## प्रतिनिधिसभा र प्रदेशसभा दुबैमा जनमतले ८५ हजार भन्दा बढी मत पायो

**राजविराज**/सप्तरी जिल्लामा जनमत पार्टीले समानुपातिकतर्फ सबैभन्दा बढी मत प्राप्त गरि पहिलो पार्टी बनेको छ । जिल्लाको चारवटै प्रतिनिधिसभामा ८५ हजार ५ सय ९२ मत तथा ८ वटै प्रदेशसभातर्फ ८६ हजार ७ सय ७ मत प्राप्त गरि जनमत पार्टी पहिलो भएको हो ।

यस्तै जसपाले ४८ हजार ३ सय ५० मत ल्याई दोश्रो भएको छ भने भने नेपाली काँग्रेस ३५ हजार भन्दा बढी मत प्राप्त गरि तेश्रो स्थानमा रहेको छ ।

यस्तै प्रतिनिधिसभातर्फ ४८ हजार ३ सय ५० मत प्राप्त गरी जसपा दोश्रो तथा ४१ हजार १ सय ८७ मत प्राप्त गरी नेपाली काँग्रेस तेश्रो दल भएको छ भने नेकपा एमाले २८ हजार २ सय १८ मत ल्याई चौथो स्थानमा रहेका छन् ।

यस्तै प्रदेशसभातर्फ पनि समानुपातिकमा ८६ हजार ७ सय ७ मत ल्याई जनमत पार्टी पहिलो ठुलो दल बनेको छ । प्रदेशसभा समानुपातिकतर्फ जसपाले ४८ हजार २ सय ५ तथा नेपाली काँग्रेसले ३८ हजार ६ सय ६४ मत प्राप्त गरि क्रमशः दोश्रो र तेश्रो स्थान हासिल गरेको छ । यस्तै २५ हजार १ सय ८७ मत ल्याई एमाले चौथो स्थानमा रहेको छ ।

जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं. १ को समानुपातिकतर्फको प्राप्त मतपरिणाम अनुसार जनमत पार्टीले २२ हजार ३ सय २७ मत प्राप्त गरि पहिलो बनेको छ । त्यस्तै नेकपा एमालेले १२ हजार ९ सय ४, जसपाले १२ हजार ८ सय २७, नेपाली काँग्रेसले १० हजार ३ सय ९९, माओवादी केन्द्रले ३ हजार ७ सय ७२, नागरिक उन्मुक्ति पार्टीले १ हजार ८ सय ३८, राष्ट्रिय स्वतन्त्र पार्टीले १ हजार ४ सय ८६, नेकपा एसले ६ सय ५८ तथा लोसपाले ४ सय ४६ मत प्राप्त गरेको छ । यस क्षेत्रमा ७३ हजार ३२ मत खसेको थियो भने २ हजार ८ सय ८२ मत बदर भई ७० हजार १ सय ५० मत सदर भएको थियो ।

यस्तै सो क्षेत्रको प्रदेशसभामा पनि जनमत पार्टीले २३ हजार ३ सय १४ मत प्राप्त गरि पहिलो भएको छ । उक्त क्षेत्रमा जसपाले १३ हजार ५ सय २, नेपाली काँग्रेसले १० हजार ८ सय ८०, नेकपा एमालेले १० हजार ६ सय ८१, माओवादी केन्द्रले २ हजार ८ सय १८, नागरिक उन्मुक्ति पार्टीले २ हजार २ सय ५५, राप्रपाले १ हजार ७ सय ३, नेकपा एसले १ हजार २ सय ३९ तथा लोसपाले ७ सय ७० मत प्राप्त गरेको छ । यस प्रदेशसभा क्षेत्रमा ७५ हजार ८ सय ९३ मत खसेकोमा ५ हजार ६ सय ४० मत बदर भएपछि ७० हजार २ सय ५१ मत सदर भएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. २ को समानुपातिकतर्फको प्राप्त मतपरिणाम अनुसार जनमत पार्टीले २९ हजार ८ सय २ मत प्राप्त गरेको छ । त्यस्तै जसपाले १३ हजार ५ सय ९५ मत, लोसपाले ५ हजार १ सय ५० मत, माओवादी केन्द्रले ४ हजार ३ सय ९८ मत, नेपाली काँग्रेसले २ हजार ६ सय १६ मत, नेकपा एमालेले १ हजार २ सय ४५ मत तथा नेकपा एसले १ हजार २ सय ३२ मत ल्याएको छ । यस निर्वाचन क्षेत्रमा ६५ हजार ५ सय २१ मत खसेको थियो भने जसमा ३ हजार ४ सय २७ मत बदर भई ६२ हजार ९४ मत दिर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

सोही निर्वाचन क्षेत्रको प्रदेशसभा तर्फ ६४ हजार ७ सय ५१ मत खसेकोमा ४ हजार १ सय ६९ बदर भई ६० हजार ५ सय ८२ मत सदर भएको छ । यस प्रदेशसभा क्षेत्रमा पनि जनमत पार्टीले २७ हजार ६ सय ७७ मत ल्याई पहिलो भएको छ । यसैगरि जसपाले १३ हजार ५ सय ४३ मत, लोसपाले ६ हजार ९० मत, नेपाली काँग्रेसले ३ हजार ४० मत, नेकपा एमालेले १ हजार ५ सय ६५ मत, नेकपा एसले १ हजार ३ सय ४४ मत, माओवादी केन्द्रले ३ हजार ६ सय १७ मत प्राप्त गरेको छ ।

यसैगरि प्रतिनिधिसभा क्षेत्र नं. ३ मा पनि जनमत पार्टीले १८ हजार ३ सय ४० मत प्राप्त गरि पहिलो पार्टी बनेको छ । सो क्षेत्रमा नेपाली काँग्रेसले १८ हजार २ सय ४९, जसपाले १० हजार १ सय ५३, नेकपा एमालेले ९ हजार ५ सय ९४, नागरिक उन्मुक्ति पार्टीले ३ हजार १ सय ८३, माओवादी केन्द्रले १ हजार ७ सय ३६, लोसपाले १ हजार ६ सय ४६, नेकपा एसले १ हजार २ सय २२ मत प्राप्त गरेको छ । यस क्षेत्रमा ७१ हजार ६ सय ४० मत खसेकोमा ४ हजार २ सय ९३ म तबदर भई ६७ हजार ३ सय ४७ मत सदर भएको थियो ।

यस्तै सोही निर्वाचन क्षेत्रको प्रदेशसभा क्षेत्रमा ७१ हजार ४ सय २ मत खसेकोमा ५ हजार १३ म तबदर भई ६६ हजार ३ सय ८९ मत सदर भएको थियो । जस अनुसार जनमत पार्टीले सबै भन्दा बढी १९ हजार ५ सय ३० मत, नेपाली काँग्रेसले १५ हजार ५ सय १०, जसपाले ९ हजार ५ सय ९०, नेकपा एमालेले ८ हजार ८ सय ३७, माओवादी केन्द्रले ३ हजार १ सय ६२, नागरिक उन्मुक्ति पार्टीले ३ हजार ५१, लोसपाले १ हजार ८ सय ५४, नेकपा एसले १ हजार ४ सय १ मत प्राप्त गरेको छ ।

यस्तै जिल्लाकै प्रतिनिधिसभा क्षेत्र नं. ४ को प्रतिनिधिसभाको समानुपातिकतर्फको मतगणना सम्पन्न भएको छ । सो क्षेत्रमा पनि जनमत पार्टीले सबै भन्दा बढी मत पाएको छ । जनमतले १५ हजार १ सय २३ मत पाएको छ । यस्तै जसपाले ११ हजार ७ सय ७५, नेपाली काँग्रेसले ९ हजार ९ सय २३, नेकपा एसले ६ हजार ३ सय ३८, नागरिक उन्मुक्ति पार्टीले ६ हजार ३ सय ४, नेकपा एमालेले ४ हजार ७ सय ७५, बहुजन पार्टीले २ हजार ४ सय १६, माओवादी केन्द्रले २ हजार २ सय ६४ र स्वतन्त्र पार्टीले १ हजार १ सय १० मत प्राप्त गरेको छ । यस क्षेत्रमा ६९ हजार ५ सय ८८ मत खसेकोमा ४ हजार ७ सय ९३ मत बदर भई ६४ हजार ७ सय ९५ मत सदर भएको थियो ।

यस्तै सोही क्षेत्रको प्रदेशसभामा जनमतले १६ हजार १ सय ८६, जसपाले ११ हजार ५ सय ७०, काँग्रेसले ९ हजार २ सय ३४, नागरिक उन्मुक्ति पार्टीले ५ हजार ७ सय ११, नेकपा एसले ५ हजार ९४, माओवादी केन्द्रले ४ हजार ५ सय १०, एमालेले ४ हजार १ सय ३, लोसपाले १ हजार ९७ मत प्राप्त गरेका छन् । यस क्षेत्रमा ६८ हजार ६ सय २० मत खसेकोमा ४ हजार ९ सय ८३ बदर भई ६३ हजार ६ सय ३७ मत सदर भएको थियो ।

सप्तरीमा कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेकोमा २ लाख ७९ हजार १ सय २१ मत खसेको थियो । जस मध्ये १७ हजार २२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# जीप दुर्घटनामा पाँचको मृत्यु, ९ घाइते

**जनकपुरधाम**/धनुषामा शनिबार बिहान जन्ती बोकेको जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने नौ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा पिपरा गाउँपालिकाका ११ वर्षीय बालक एस कुमार, धनुषाको मुखियापट्टी मुसहरनिया तुल्सीयाहीका ३५ वर्षीय रुवीकुमारी साह, महोत्तरीको रामगोपालपुर-७ सहसौला बस्ने १७ वर्षीया मञ्जुकुमारी साह र निजकी बहिनी १३ वर्षीया सिर्जना साह तथा जीप चालक धनुषाको धनौजी-४ बस्ने २५ वर्षीय अबदुल मन्सुरी रहेको प्रहरीले जनाएको छ ।

घाइते हुनेमा महोत्तरीको लोहारपट्टि-४ बगरा बस्ने १४ वर्षीया प्रतिका साह, १८ वर्षीया कविताकुमारी साह, धनुषाको मुखियापट्टि मुसरनिया-४ बस्ने ३५ वर्षीय संजय साह, ३ वर्षीया बालिका अरूसा साह, ६ वर्षीय बालक अर्वण साह, १० वर्षीय आयुसकुमार साह, महोत्तरीको पिपरा-२ बस्ने २६ वर्षीय प्रियङ्का साह, ५ वर्षीया बालिका प्रतिका साह र ४ वर्षीय बालक अंशु साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेका अनुसार जन्ती बोकेको बा१ज ८२९३ नम्बरको जीप बिहान ४:३० बजे पूर्वपश्चिम राजमार्गको वीरेन्द्र बजारमा दुर्घटना भएको हो । जीपमा महोत्तरीको पिपरा गाउँपालिका गमहरियाका जन्ती इटहरीबाट फर्किंदै थिए । घाइतेको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको उपरीक्षक रजौरेले जानकारी दिए ।

# कुटपिट गरी हत्या गरेको आरोपमा दुई पक्राउ

**जनकपुरधाम**/छिमेकीलाई कुटपिट गरी हत्या गरेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको मिथिला विहारी नगरपालिका-४ निवासी ४१ वर्षीय लालबाबु यादव र ३१ वर्षीय सुरेश यादव रहेको प्रहरीले जनाएको छ । गत बुधबार राति जग्गासम्बन्धी विवादमा कुटपिट हुँदा गम्भीर घाइते भएका स्थानीय ५३ वर्षीय प्रभु यादवको उपचारको क्रममा जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको थियो । सोही घटनामा अन्य तीन जना घाईते भएका छन् ।

सो घटनामा संलग्न रहेको आरोपमा दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो । पक्राउ परेका दुवै जनामाथि कर्तव्य ज्यान मुद्दा दायर गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रजौरेले बताउनुभयो ।

लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार

आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं ।

घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*